खोरेत रोग खुर फट्टा जनावरहरूमा लाग्ने भयानक संक्रामक सरूवा रोग हो । यो रोग नेपालको पूर्व मेचि देखि पश्चिमको महाकाली सम्मको तराइको विभिन्न भूभाग देखि मध्य तथा उच्च पहाडी भाग सम्म फैलन सक्ने र पशुहरूमा ठूलो हानि नोक्सानि पुऱ्याई कृषकको लाखौंको क्षति पुऱ्याउने रोग हो । यो रोग विषाणु Virus वाट हुने भयानक सरूवा रोग हो । यो रोग विशेष गरि गाई-भैंसी-भेडा-बाखा, तथा बंगुरहरूमा वारम्वार देखा परिरहने गर्दछ । स्थानिय वयस्क गाई-भैंसीमा खोरेत रोग व्यापक रूपमा देखापरेता पनि यसै रोगको कारणले मृत्यू भने कमै हुने गर्दछ । तर साना बाच्छा-बाच्छी-पाडा-पाडी तथा बंगुरका पाठा, पाठीमा भने अत्याधिक मृत्यूदर बढी हुने देखिन्छ ।यो रोग लागेमा दुधालु गाइ/भैंसीहरूको दूध ज्यादैनै चाडो घटतै जाने र लामो समय सम्म यसको नकारात्मक असर भने रहि रहन्छ । ब्याउने गाइ,भैंसी प्राय तुहिन्छ र भाले जनावर जस्तै गोरू महिनौं सम्म जोत्न तथा गाडा तान्न नसक्ने अवस्थामा हुन्छ । यो रोग विशेषगरि उन्नत नश्लका पशुहरूमा बढी असर र मृत्यूदर पनि बढी हुने देखिएको छ ।

❖ कारण (Etiology)

यो रोग विभिन्न प्रकारका विषाणु Virus बाट लाग्ने गर्दछ । हाम्रो देशमा O-A-Asia 1 जस्ता जातका खोरेत विषाणु रोग फैलाउन विशेष सकृय भएको पाइन्छ । यो रोग लागेका झण्डै ५० प्रतिशत गाई, भैंसी, भेडा, बाखाले रोगको विशाणु लामो समय सम्म आफ्नो शरिरमा पालिरहन सक्तछन । हाम्रो जस्तो मुलुकमा विशेषगरि गाई, भैसी, खसि, बोका र सुगुरहरूको अनियन्त्रित ओशार-प्रसार, खेतीको समयमा गोरू, रांगाको आवत-जावतको कारण संक्रमित जनावर संगको संपर्क भैरहने हुनाले रोग सर्ने गरेको पाइएको छ ।

❖ लक्षण (Symptoms) :

निम्नानुशार लक्षणहरू देखिन्छन :

- शुरूमा रोग लागेको पशु झोकिने, खाना खान मन नगर्ने,दूध उत्पादन एक्कासि घट्ने ।
- मुख भित्र बिमिरा जस्ता ससाना फोका आउदछन जसका कारण मुखबाट ऱ्याल तप तप चुहाइराख्तछ ।
- शारिरिक तापक्रम १०४१०६ डिग्रि फरेन हाइट सम्म ज्वरो आउदछ ।
- यसरी मुख भित्र र वाहिर बिमिरा निस्कि सकेपछी ज्वरो क्रमस घटतछ ।
- मुख भित्रका फोकाहरू फुटेर पातलो झिल्ली उप्किएर रातो अल्सर जस्तो भै दाना, घाँस पात आदि कलिलो उप्किएको भागमा टासिएर दुख्ने भै पशुले खान नसक्ने र ऱ्याल भने वगाइरहने हुन्छ ।
- मुखमा घाउ देखापरेको ३४ दिनमा खुरको कापमा समेत विषाणुको संक्रमण हुन गै घाउ खटिराहरू देखापरि पाक्न थाल्छ र फोका फुटेपछि पिप वग्ने, गन्हाउने र किरा समेत पर्ने हुन्छ ।
- थुन तथा कल्चौडामा समेत बिमिरा निस्कन गै दुधालु पशुहरूमा थुनेलो समेत हुने गर्दछ ।
- यो रोगले माउ भन्दा वच्चालाई बढी असर पुऱ्याउदछ ।
- ब्याउने माउहरूले गर्भ तुहाउने हुन सक्तछ ।

❖ उपचार (Treatment)

यो रोगको खासै उपचार छैन तर लक्षणका आधारमा उपचार गरिदा हानि नोक्सानिवाट वचाउन सकिन्छ ।

- २ प्रतिशत को Alum+ Borex को मनतातो झोलले मुख सफा गर्ने ।
- २ प्रतिशतको वोरिक एसिडको झोलले थुन तथा कल्चौडा सफा गरि बेटाडिन मलहम ओभानो पारि लगाइदिने ।
- खुट्टा तथा मुखको घाउलाई चाडो निको पार्न सल्फाडिमाइडिन वा एण्टिवायोटिक्स को रूपमा २०४० युनिट सम्म स्ट्रेप्टोपेनिशिलिन वा २२.५ ग्राम सम्मको एम्पिशिलिन+क्लोक्जाशिलिन ५७ दिन सम्म मासुमा सुई दिने ।
- जिट- एभिल र दुखाइ कम गर्ने सुइ १०१२ एम.एलका दरले मासुमा सुइ दिने ।
- यदि घाउमा किरा परेको भएमा खुट्टाको घाउमा मनतातो पानीमा पोटास राखि सफा गर्ने र किरा मार्न तारपिनको तेल घाउमा राख्ने र सो ठाउमा

मलहम (हिमेक्स) घाउमा लगाउने ।

रोकथाम (Prevention) :

- रोगि जनावरलाई तुरून्त वथानवाट अलगगरि राख्नुको साथै चरनमा लैजानु हुदैन ।
- खोरेत रोग लागेको माउको दूध पाडा वाच्छालाई खुवाउनु हुदैन ।
- मुखका घाउलाई असर नपर्नेखालका खानेकुरा जस्तै खोले, भातको माड जस्ता नरमखालका खाना दिनु पर्दछ ।
- खोरेत खोप नलगाएको पशु हाटवजारमा नलैजाने ।
- खोरेत विरूद्धको खोप फैलिरहने स्थानमा अनिवार्य रूपमा वर्षको २ पटक लगाउनु पर्दछ । यो रोग हावावाट पनि सर्न सक्ने भएकाले खोर-गोठको विशेष व्यवस्था मिलाउनु पर्दछ ।
- गोठ, खोर वरिपरि फिनेल पानी छर्कनु पर्दछ ।
- मरेको पशुलाई गहिरो खाडल खनि गाड्नु पर्दछ ।
- विदेश वा अन्य फार्मवाट पशु किनेर ल्याउदा अनिवार्य रूपमा खोप लगाई ३ हप्ता पछि मात्र आफ्नो गोठमा ल्याउनु पर्दछ ।
- खोरेत रोग लागेको क्षेत्र वरिपरि Ring Vaccination गर्नु पर्दछ ।
- यो रोग लागेको थाहा पाउना साथ तुरून्त स्थानिय तहको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारि गराउने र नियन्त्रण तर्फ उन्मूख हुनु पर्दछ ।

# पशुहरूमा लाग्ने खोरेत रोग
## Foot and Mouth Disease




प्रदेश सरकार

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

प्रदेश नं.१ विराटनगर

फोन नं. ०२१-४७०९२४

इमेल lfdbrt@gmail.com